भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

## नगरकार्यपालिकाको पाँचौ बैठकका निर्णयहरु

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १) : मिति २०७९ साल भदौ ९ गते बसेको नगरकार्यपालिकाको चौथो बैठकको समीक्षा गरियो ।

निर्णय नं. २) : भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले सम्पादन गरेका कार्यक्रम /आयोजनाहरुको चालु आ.व.को पहिलो चौमासिकको प्रगति समीक्षा २०७९ साल कार्तिक १८ गते शुक्रवार र सार्वजनिक सुनुवाई २०७९ साल कार्तिक २५ गते शुक्रवार संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३) : भीमेश्वर नगरपालिकाको तपशिलका कार्यविधि, निर्देशिका, रणनीति र योजना अध्ययनका लागि कार्यपालिका सदस्यज्यूहरुलाई उपलव्ध गराउने र आगामी कार्यपालिकाको बैठकमा छलफल गर्ने निर्णय गरियो ।

क) उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम कार्यविधि २०७९,

ख) जेष्ठ नागरिक तथा अपांग भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण कार्यक्रम निर्देशिका २०७९,

ग) लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९,

घ) राष्ट्रिय एकिकृत सूचना प्रणाली BIPAD पोर्टलको संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९

ङ) नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अनुक्रमनिका स्वमुल्यांकन प्रतिवेदन, २०७९

च) बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी तथा सामुदायिक परिचालक व्यवस्थापन कार्यविधि, २०७९

निर्णय नं. ४) : भीमेश्वर नगरपालिका अन्तेर्गत देहायका वडाहरुमा राष्ट्रिय परिचय पत्र अभियानका क्रममा कर्मचारीहरुको खाना र खाजा वापत यस कार्यालयमा वडाको सिफारिस साथ पेश भई आएका भरपाई/बिल बमोजिम तपसिलको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| वडा नं. | भुक्तानी दिने रकम | कैफियत |
|---|---|---|

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १ | ५६५४०/- | |
| २ | ५५,४००/- | |
| ३ | ४४,६१०/- | |
| ४ | १६,०००/- | |
| ५ | ५९,५००/- | |
| ६ | ४२,१५०/- | |
| ७ | ५५,०००/- | |
| ८ | ५०,७५०/- | |
| ९ | १,०४,२५५/- | |
| जम्मा | ४,८४,२०५/- | चारलाख चौरासी हजार दुईसय पाँच रुपै मात्र |

निर्णय नं. ५) : भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित सातदोवाटो बहूउद्येश्सीय भवन घर भाडामा लगाउन यस कार्यालयबाट मनसाय पत्रको सार्वजनिक सूचना प्रकाशन भई ८ वटा प्रस्तावहरु पेश भएको र प्राविधिक पक्षको मूल्यांकनमा ६ वटा प्रस्तावहरु सफल भएकोमा आर्थिक प्रस्ताव पेश गर्नका लागि र भीमेश्वर नगरपालिका वडा नं. २ स्थित पाखलती व्यापारिक भवनको वडा कार्यालय रहेको तलामा खाली रहेको ३ वटा कोठा र भुई तलामा रहेको कोठाहरु भाडामा दिनका लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६) : मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, हेटौडाद्वारा जारी भएको तपसिलको अध्यादेश बमोजिम देहायका स्थानीय सेवाका तपशिल बमोजिमका स्थायी कर्मचारीहरु भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको निर्णयबाट स्तरबृध्दि /माथिल्लो पदमा कायम भएकोले सो को अनुमोदन गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

क) स्थानीय तहका सेवाको (गठन तथा सन्चालन) अध्यादेश, २०७८ , को दफा ३०(१) बमोजिम बमोजिम आठौ तहमा तहवृद्धि : जगदीश अर्याल/ नारायण प्रसाद सेढाई ।

ख) स्थानीय सेवा (गठन तथा सन्चालन) अध्यादेश, २०७९ , २०७९ को दफा ६(३) बमोजिम एकतह माथिको पदमा कायम (सातौ तहमा) भएका ई.सुरेश राउत, माधब प्रसाद सुबेदी, ई.नारायण प्रसाद शिवाकोटी, सुजन सुबेदी र ज्ञानु कुमार खड्का ।

निर्णय नं. ७) : भीमेश्वर नगरपालिकाले निम्न शीर्षकबाट बजेट व्यवस्थापन गरी तपसिलको आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

क) शसस्त्र प्रहरी बल, चरिकोट, दोलखामा शौचालय निर्माण गर्न बजेट माग भए बमोजिम बजेट शिर्षक नं. २४५ को नगर पूर्वाधार निर्माण कार्यक्रमबाट रु .५,००,०००/- (पाँच लाख) विनियोजन गर्ने ।

ख) भीमेश्वर नगरपालिका वडा नं. ७ मा फोहोरमैला अस्थायी व्यवस्थापनका लागि पहुँच मार्ग र स्थल निर्माण गर्न भएको खर्च प्राविधिक मुल्यांकन बमोजिम बजेट शिर्षक नं शिर्षक नं.२४५ को नगर पूर्वाधार निर्माण कार्यक्रमबाट भुक्तानी गर्ने ।

ग) भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित लाली गुरास युवा क्लवलाई गठेमंगल पर्वदेखि कृष्णाष्टमीसम्म चरिकोट बजारमा देखाईने लाखे जात्रामा भएको खर्च संस्कृति संरक्षण शिर्षकबाट उपलव्ध गराईएको रु २,००,०००/-( दुई लाख) अनुमोदन गर्ने ।

घ) दोलखा जिल्ला अदालतमा र्याम्प, ट्रस लगायतका कार्यका लागि बजेट माग भए बमोजिम प्राविधिक लागत अनुमान अनुसार बजेट शिर्षक नं. २४५ को नगर पूर्वाधार निर्माण कार्यक्रमबाट रु ४,००,०००/- (चार लाख) विनियोजन गर्ने

ङ) सिमपानी सामुदायिक वन क्षेत्रभित्र रहेको सरसफाई केन्द्रमा थ्री फेज विद्युत लाईन व्यवस्थापन गर्न नेपाल विद्युत प्राधिकरण, चरिकोटलाई प्रदेश सरकारको नवप्रवर्तन साझेदारी कोष कार्यक्रमबाट रु १२,००,०००/- (बाह्र लाख) उपलव्ध गराउने ।

च) जिल्ला प्रहरी कार्यालय, दोलखाको सवारी साधन मर्मतका लागि बजेट माग भए बमोजिम शिर्षक नं. ६१ को मेशिनरी औजार कार्यक्रमबाट रु १,५०,०००/- (एक लाख पचास हजार मात्र) उपलव्ध गराउने ।

निर्णय नं. ८) : चालु आ.व.मा संचालन हुने वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कर्मचारीको योगदानमा आधारित बिमा कोष खर्च (शीर्षक नं. २१२१३) बाट भीमेश्वर नगरपालिका, नगर

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका कार्यालय र अन्तर्गत कार्यक्रममा कार्यरत करार सेवाका कर्मचारीको रु ५,०००००/- (पाँच लाख) बराबरको दुर्घटना बिमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ९) : अविरल वर्षाका कारण मर्यांगखोलामा आएको बाढीका कारण त्यसले पुर्याएको क्षतिको पुनर्निर्माणका लागि तार जाली, ढुंगा, रड, सिमेन्ट, आदि खरिद र ज्याला तथा खर्दी सडक समेत तत्काल मर्मत गरी संरक्षणको कार्य भएकोमा र अनुगमन र प्राविधिक मुल्यांकनका आधारमा नगर पूर्वाधार निर्माण कार्यक्रमबाट र श्रोत व्यवस्थापन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १०) : चालु आ.व.को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत प्रयोगशाला भवन निर्माण कार्य गर्न रु १०,००,०००/- (१० लाख) विनियोजन भएको, प्राविधिकबाट लागत अनुमान तयार गर्दा रु १७,२३,८०१/- (सत्र लाख तेइस हजार आठ सय एक ) आएकोले नपुग रकम रु ७, २३,८०१/- शिर्षक नं. २२७ को कार्यालय भवनहरुको मर्मत सम्भार कार्यबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११) : भगवान रामको शालिक भीमेश्वर नगरपालिका वडा ६, रामकोटमा निर्माण गर्ने र सो को डीपीआर तयारीको लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२) : भीमेश्वर नगरपालिका वडा नं. ६ स्थित रामकोट क्षेत्रमा रहेको सरसफाई केन्द्र लागि आवश्यक उपकरण (कम्प्याक्टर , कन्वेयर बेल्ट लगायत उपकरणहरु ) खरिद गर्न सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १३) : भीमेश्वर नगरपालिका वडा नं. ६ स्थित रामकोट क्षेत्रमा रहेको सरसफाई केन्द्रको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्न र गुरु योजना तयारी गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १४) : भीमेश्वर नगरपालिकाको सार्वजनिक खरिद नियमावली तयार गर्न तपसिल बमोजिमको समिति गठन गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | श्री जगदीश अर्याल, वरिष्ठ लेखा अधिकृत |
| सदस्य | श्री सुरेश राउत, ईन्जिनियर |
| सदस्य | श्री नारायण प्रसाद शिवाकोटी, ईन्जिनियर |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सदस्य श्री रामजी थापा, ईन्जिनियर

निर्णय नं. १५) : भीमेश्वर नगरपालिका क्षेत्रभित्रका भवनको नक्सा पास कार्यविधि तयार गर्न र बस्ती विकास मापदण्ड तथा दोलखा शहर क्षेत्र बस्तीको मापदण्ड अद्यावधिक गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो

तपसिल

| | |
|---|---|
| संयोजक | श्री सुरेश राउत, ईन्जिनियर |
| सदस्य | श्री नारायण प्रसाद शिवाकोटी, ईन्जिनियर |
| सदस्य | श्री रामजी थापा, ईन्जिनियर |
| सदस्य | श्री भविन्द्र थापा, सहायक ईन्जिनियर |

निर्णय नं. १६) : भीमेश्वर नगरपालिकामा निर्माण गर्नुपर्ने तपसिलको स्वीकृत झोलुंगे पुलहरुको DPR तयार गर्न झोलुंगे पुल क्षेत्रगत कार्यक्रमलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

क) कुथली झो.पु., भी.न.पा. १

ख) भुतछहरा झो.पु., भी.न.पा.

ग) सुल्सिंग झो.पु., भी.न.पा. ९

घ) मर्याग खोला झो.पु. भी. न.पा. २ र ४

ङ) टारीखोला झो.पु. भी. न.पा. १ र कालिन्चोक ९

निर्णय नं. १७) : EBA II आयोजनाका कार्यक्रमहरु आगामी बैठकमा पेश गर्न ९ नं. वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा

१।२।१९ शिशिर पौडेल प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १८) : भीमेश्वर नगरपालिका तथा समग्र दोलखा जिल्लाको पर्यटन विकास तथा प्रवर्द्धन मार्फत आर्थिक विकासका लागि कालिन्चोक- भ्युटावर - नागदहसम्म माउन्टेन साइकल ट्र्याक निर्माण गर्ने र सोको लागि शहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रमबाट आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९) : भीमेश्वर नगरपालिका तथा समग्र दोलखा जिल्लाको पर्यटन विकासका लागि शिर्षक नं . २१७ स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत भीमेश्वर पर्यटन गुरु योजना तयार गर्न परामर्शदाता छनौटका लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २०) : भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०७९/०४/२६ गते प्रकाशित ढुंगा गिटि, बालुवाको आय संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्वन्धी सूचना बमोजिम ४ वटा ठेक्का मध्ये १ वटा (ओख्रे सत्तरी गोलाई र भागेखोला बगर क्षेत्र) मा मात्र बोलपत्र पेश भएको र बाँकी ३ वटा (नागदह, मर्याँगखोला र ठुलोबगर क्षेत्र) मा बोलपत्र पेश नभएकोले बोलपत्र पेश नभएको क्षेत्रको लागि पुनः सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१) : मर्याँगखोलाको कटानका कारण चम्केडाँडाबाट विस्थापित ३ घर सुरक्षित स्थानमा पुनःस्थापना लागि भीनपा क्षेत्र भित्र सुरक्षित स्थान पहिचान तथा सिमाना सहित जग्गा प्रस्ताव तथा सिफारिस गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | श्री हरिशरण शिवाकोटी, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति, संयोजक |
| सदस्य | श्री प्रतिनिधि, मालपोत कार्यालय, दोलखा |
| सदस्य | श्री प्रतिनिधि, नापी कार्यालय, दोलखा |
| सदस्य सचिव | ई. श्री सुरेश राउत, फोकल पर्सन, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति |

निर्णय नं. २२) : खानी तथा भूगर्भ विभागले युनाइटेड रियल स्टेट एण्ड माइन्स डेभलपर्स प्रा.लि., काठमाण्डौलाई भीमेश्वर नगरपालिका वडा नं. ९ स्थित डांगडुंगे डाँडामा खानी उत्खनन गर्न अनुमति दिईएको पाइएको, युनाइटेड रियल स्टेट एण्ड माइन्स डेभलपर्स प्रा.लि., काठमाण्डौले परिक्षणका लागि ५० मेट्रिक टन म्याग्नेसाइट नमुना उत्खनन् संकलन कार्यका लागि सहज गरिदिन यस कार्यालयलाई पत्रसाथ अनुरोध गरेकोमा उक्त क्षेत्र रास्ट्रिय प्राथमिकतामा रहेको योजना भई फिल्म सिटीको पूर्वाधार निर्माण/निर्माणाधीन रहेकोले खानी/खनिज उत्खनन् जस्तो

१।२।१९ शिशिर पौडेल प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

संवेदनशील कार्य गर्न गराउन सहमति दिन नसकिने व्यहोराको पत्र युनाइटेड रियल स्टेट एण्ड माइन्स डेभलपर्स प्रा.लि., काठमाण्डौलाई पठाइसकेको सन्दर्भमा उक्त स्थलमा खानी उत्खनन् गर्ने कार्यका लागि अव उप्रान्त कुनै पनि निकायलाई अनुमति/सहमति नदिन खानी तथा भूगर्भ विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २३) : चरिकोट बजारको बढ्दो सवारी चापलाई व्यवस्थित गर्न बोलेरो तथा टाटा सुमो लगायत जिप गाडीलाई भीनपा ३ स्थित लामाचौर सामुदायिक बन क्षेत्रको खाली स्थानमा र यात्रु वाहक बस तथा मालबाहक ट्रकहरु बसपार्क क्षेत्रमा पार्किंगको व्यवस्था मिलाउन जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २४) : भूमिहीन दलित, सुकुम्बासी तथा अव्यबस्थित बसोवासिको पहिचान, लागत संकलन, प्रमाणीकरण,तथा नक्शांकन गर्ने काममा सहयोग र सहजीकरण गर्न दफा ४ बमोजिम तपसिल बमोजिमको नगरस्तरीय तथा वडास्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

नगरस्तरीय सहजीकरण समिति

श्री ईश्वरनारायण मानन्धर ........संयोजक (नगर प्रमुख)

श्री कमला बस्नेत................उपसंयोजक (नगर उपप्रमुख)

क्रियाशील राजनैतिक दलबाट १/१ जना ......सदस्य (राजनीतिक दलहरुलाई पत्राचार गर्ने)

श्री गोपाल बहादुर थामी .......सदस्य ( कार्यपालिका सदस्य, दलित/अल्पसंख्यकबाट)

श्री मुना श्रेष्ठ ...................... सदस्य (कार्यपालिका सदस्य, महिलाबाट)

स्थानीय तहमा रहेका ( सुकुम्बासी, किसान,भूमिहीन,नागरिक समाजबाट १/१ महिला र दलित गरी ३ जना)

श्री शिशिर पौडेल....सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत

वडास्तरीय सहजीकरण समिति

१) वडा अध्यक्ष ............................ अध्यक्ष

२) वडा सदस्यहरु ......सदस्य

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

३) सम्वन्धित वडामा क्रियाशील राजनैतिक दलबाट १/१ जना ......सदस्य (वडाले पत्राचार गर्ने)

४) स्थानीय तहमा रहेका (सुकुम्बासी, किसान,भूमिहीन,नागरिक समाजबाट १/१ महिला र दलित गरी ३ जना)

५) वडा सचिव ....सदस्य सचिव

निर्णय नं. २५) : भीमेश्वर नगरपालिकाका तपसिल बमोजिमको समिति सिफारिस / गठन गर्ने निर्णय गरियो ।

क) न्यायिक समितिको सदस्यको लागि सिफारिस

श्री किरण वली ..............................सदस्य

श्री बालकृष्ण राय क्षेत्री ..................सदस्य

ख) लेखा समितिको लागि सिफारिस

श्री नविन कुमार लामा ...................संयोजक

श्री काजी बुढाथोकी .....................सह संयोजक

श्री मिना वि.क. ...............................सदस्य

ग) सुशासन समितिको लागि सिफारिस

श्री खेम कुमारी श्रेष्ठ .....................संयोजक

श्री काजी बुढाथोकी .....................सह संयोजक

श्री भिम बहादुर भुजेल ..................सदस्य

घ) अनुगमन समितिको गठन

श्री कमला बस्नेत .............................संयोजक

श्री शिशिर पौडेल.......................... .सदस्य

श्री तारानाथ चौलागाई .....................सदस्य

श्री नविन कुमार लामा .......................सदस्य

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७२

प्रमुख प्रशासकीय अधिकृत
शिशिर पौडेल

श्री सुशिला थापा ....................................सदस्य

श्री कृष्ण बहादुर कार्की ....................................सदस्य सचिव

निर्णय नं. २६) : भीमेश्वर नगरपालिकाका अन्तर्गत सवै ९ वटै वडाहरुमा बडा दशैं, तिहार र छठ पर्वलाई लक्षित गरी सम्वन्धित वडाहरूले नै अवरुद्ध सडकहरु खोली यातायात सुचारु गर्नका लागि शिर्षक नं. २०५ को मर्मत सम्भार कोषबाट व्यहोर्ने गरी तपसिल बमोजिमको बजेट विनियोजन र वडास्तरमा गठित उपभोक्ता समिति मार्फत गरेका कामको मुल्यांकन गरी भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|
| १ | ५०,०००/- | |
| २ | ५०,०००/- | |
| ३ | ३०,०००/- | |
| ४ | ५०,०००/- | |
| ५ | ५०,०००/- | |
| ६ | २०,०००/- | |
| ७ | ५०,०००/- | |
| ८ | ५०,०००/- | |
| ९ | ५०,०००/- | |
| जम्मा | ४,००,०००/- | चारलाख मात्र |

निर्णय नं. २७) : २०७२ सालको विनासकारी भूकम्प पश्चात देखि हालसम्म पशुपति चौलागाई स्मृति अस्पतालमा फिजियोथेरापी सेवा प्रदान गर्दै आएकोमा उक्त सेवा धेरै प्रभावकारी

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भएको पाइएकाले सो सेवा प्रदान गर्न सहयोग गर्ने Handicap International लाई उक्त सेवा निरन्तरताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २८) : भीमेश्वर नगरपालिका वडा नं. ५ स्थित मयुर पार्कमा खानेपानी तथा विद्युत जडान गर्न बजेट माग भए बमोजिम आवश्यक सहयोगका लागि सम्वन्धित कार्यालयहरुसँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २९) : भीमेश्वर नगरपालिकाले सन्चालन तथा व्यवस्थापन गर्ने गरी भीमेश्वर नगरपालिका र आसपासका क्षेत्रका गरिव, पिछडिएको वर्ग तथा जेहेन्दार विद्यार्थीलाई प्राविधिक शिक्षामा सहज पहुँच तथा अवसर प्रदान गरी मध्यम (डिप्लोमा तह) तथा उच्च (स्नातक तह) स्तरीय प्राविधिक जनशक्ति तयार गर्न भीमेश्वर नगरपालिकाबाट वडा नं. ६ झुलेमा १७ रोपनी जग्गामा तयार भएको प्राविधिक शिक्षालयका लागि उपयुक्त संरचना (२ तले भवन) प्रयोग हुने गरी तथा उक्त क्षेत्रमा आवश्यक जग्गा समेत थप गर्न सकिने र थप संरचना निर्माण गर्न सकिने भएकोले सम्वन्धित निकाय (विश्वविद्यालय तथा सिटीईभिटी ) को मापदण्ड अध्ययन गरी प्रस्तावना तयार गरी सम्वन्धनका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ३०) : भीमेश्वर नगरपालिका वडा नं. १, कोटेपोले बस्ती पहिरो (जोखिम संवेदनशील भू-उपयोग योजनामा समेत समावेश भएको ) र वडा नं २ मर्यांगखोला चम्केडाँडा स्थित यस वर्षको मनसुन समयमा अविरल वर्षासंगै सिर्जना भएको बाढी तथा पहिरोले सम्वन्धित वस्ती तथा समुदायलाई नकारात्मक असर पुर्याईरहेको हुँदा उक्त दुवै स्थानको पहिरो रोकथाम तथा नियन्त्रण गर्नका लागि तारजाली, बृक्षारोपन सहितको आवश्यक सहयोगका लागि भीमेश्वर नगरपालिकामा सन्चालित युएसएआइडीको तयार नेपाल परियोजनासँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१) : दिर्घरोगीहरु मध्ये मृगौला प्रत्यारोपण, नियमित डाईलेसिस, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई नेपाल सरकारले उपलव्ध गराउने निर्वाह भत्ता नेपाल सरकारबाट सोधभर्ना हुने गरी हाललाई भीमेश्वर नगरपालिकाबाट उपलव्ध गराउने निर्णय गरियो ।

२०७९ सालको बडा दशैं, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगरवासीहरुमा शुभकामना प्रदान गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत